नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति २०७४।०७।१४ गते

## प्रेश विज्ञप्ति

मिति २०७४।०७।१४ गतेका दिन गृह मन्त्रालयमा गृह सचिवज्यूको अध्यक्षतामा गृह मन्त्रालय, सुरक्षा निकायहरु, सडक विभाग, यातायात व्यवस्था विभाग, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ तथा अन्य सरोकारवाला निकायहरुका प्रतिनिधिहरुको सहभागितामा सडक सुरक्षा (Road Safety) सम्बन्धि बैठक सम्पन्न भयो । उक्त बैठकका सहभागिहरुबाट सडक दुर्घटना न्यूनीकरण एंव सुरक्षित सार्वजनिक यातायात व्यवस्थापनका लागि नीतिगत, कानूनी र व्यवहारीक विभिन्न २६ वटा सुझावहरु प्राप्त भएका छन् । ती सुझावहरु कार्यान्वय गर्ने ठोस तरिकाका सम्बन्धमा सरोकारवालाहरु बीच पुनः छलफल गरेर कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजाने र सोको प्रभावकारी अनुगमन गर्दै आवश्यक दण्ड सजाय र पुरस्कारको समेत व्यवस्था मिलाउनु पर्ने भएको छ । ती २६ बुँदे सुझाव मध्ये तत्काल देहाय बमोजिमका कार्यवाही संचालन गरी सोको प्रगति गृह मन्त्रालयमा पठाउने व्यवस्था गर्न सम्बन्धित निकायलाई निर्देश गरिएको व्यहोरा अनुरोध छ ।

१. सडकको स्तरोन्नती, लगायत ट्राफिक चिन्ह, संकेत र सुरक्षा बार राख्ने, सडकको चौडाइ व्यवस्थित गर्ने कार्य तत्काल सम्बन्धित डिभिजन सडक कार्यालयहरुले गर्ने,

२. ट्राफिक प्रहरी लगायतका प्रहरी कार्यालयहरुले दिवा समयमा पनि मा.प.से. गरे नगरेको चेकजाँच गर्ने र समय कार्ड लागु भएका सडकहरुमा चेकजाँच तथा अनुगमन प्रभावकारी रुपमा गर्ने साथै ट्राफिक सम्बन्धी जनचेतना मुलक कार्यक्रम समेत प्रभावकारी रुपमा संचालन गर्ने,

३. प्रत्येक सार्वजनिक यातायातको साधनमा यात्रुले देख्ने गरी सवारी चालकको व्यवहार, सवारीको अवस्था, सवारीको गति इत्यादी वारे गुनासो वा उजुरी गर्न हट लाइन टेलिफोन/मोवाइल नम्वर वा गुनासो सुनुवाइ हुने नम्वर/सम्पर्क व्यक्तिको सूचना राख्ने र यसको तत्काल सुनुवाइ सम्बन्धित ट्राफिक प्रहरी तथा प्रहरी इकाइहरुले गर्ने,

सार्वजनिक यातायातलाई सुरक्षित तुल्याउन सरकारी निकाय, निजीक्षेत्र एंव आम यात्रुवर्ग र सरोकारवालाहरु सबैको सहयोग र सचेतना जरुरी हुने भएकाले सुरक्षित यात्रा गर्न, सडक सुरक्षामा कुनै पनि किसिमको लापरवाही हुन गर्न नदिन र नियमनकारी निकायबाट हुने अनुगमनलाई सहयोग पुर्याउन सम्बद्ध सबैमा गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

२०७४/७/१४

(नारायण प्रसाद शर्मा दुवाडी)

प्रवक्ता/सह सचिव